

# LAW FOR YOU





दक्षिण अष्ट्रलियामा बसोबास गर्ने नयाँ आप्रवासीहरुका लागि कानुनी सहयोग गर्ने एक सानो पुस्तिका

**NEPALI**

[नेपाली]



Legal Services Commission
OF SOUTH AUSTRALIA

## विषय


| | |
|---|---|
| परिचय | 1 |
| अष्ट्रलियामा कानुन | 2 |
| सवारी साधन | 3 |
| प्रयोग गरिसकेका कारको खरिद | 4 |
| कार दुर्घटना | 5 |
| सामान र सेवाहरुको खरिद | 6 |
| प्रहरी | 7 |
| पारिवारिक झैंझगडा | 8 |
| घर भाडामा लिने | 9 |
| विवाह | 10 |
| छुट्टिने र पारपाचुक | 11 |
| बालबालिका र सम्बन्धबिच्छेद | 12 |
| बालबालिकाको हेरचाह | 13 |
| सरकारी निर्णय | 14 |
| काम (नोकरी) | 15 |
| जरिवाना | 16 |

**तपाईको लगि कानून (Law For You) – दक्षिण अष्ट्रेलियाका नयाँ आप्रवासीहरुका लगि कानूनी सहयो गर्ने एक सानो पुस्तिका**

यो दक्षिण अष्ट्रेलियामा बसोबास गरिरहनु भएका नयाँ आप्रवासीहरुको लागि आधारभूत कानूनको एक पुस्तिका हो। यसमा अंग्रेजी नबोल्नेहरुको लागि प्रमुख नियमहरू सिक्न र कानुनी समस्याहरू भएका मानिसहरूलाई उपलब्ध सेवाहरूको बारेमा जानकारी दिलाउन लक्षित गरिएको छ। यदि कसैलाई कुनै पनि कानूनी समस्या छ भने, सकेसम्म चाँडो कानुनी सल्लाह प्राप्त गर्नु महत्त्वपूर्ण छ ।

यो पुस्तिका कानूनी सेवा आयोग (Legal Services Commission) ले नयाँ आप्रवासीहरुको लागि कानुनी शिक्षा मा टेवा दिनको लागि विकास भएको थियो। यो आधारभूत कानूनी अवधारणाहरु बुझ्न र कहाँ सहयोग प्राप्त गर्ने भन्ने ज्ञान हासिल गर्न चाहानेहरुले पनि प्रयोग गर्न सक्दछ।

कानूनी सेवा आयोग (Legal Services Commission) यस स्रोतलाई अनुवाद र प्रकाशन गर्न मुद्रण गर्न दक्षिण अष्ट्रेलिया को कानूनी फाउन्डेसन (Law Foundation of South Australia) द्वारा अनुदान हासिल गराईएकोमा कृतज्ञता व्यक्त गर्दछ।

यस सामाग्रीका केहि तथ्य र तस्वीरहरु अष्ट्रेलियन लिगल एड कमिसन (Australian legal aid commissions) द्वारा प्रकासित *'What's the law? Australian law in my new country'* ('कानून के हो? मेरो नयाँ देशमा अष्ट्रेलियन कानून)पुस्तकबाट लिईएको हो।

प्रतिदाबी: कानून बारम्बार परिवर्तन भैरहन्छ र यस प्रकाशनमा संलग्न जानकारीहरु वर्तमानका नहुन पनि सक्नेछ। यस प्रकासनका जानकारीहरु केवल सामान्य जानकरीका लागि मात्र हो। यो कानूनी सल्लाह हैन। हामी कानूनी समस्या भएका व्यक्तिहरुलाई उनिहरुने कानूनी सल्लाह लिनकोलागि प्रहोत्साहित गराउँदछौं।.

© Legal Services Commission मार्च २०१५
Law Foundation of South Australia हो संयोजकत्वमा प्रकाशित

Legal Services Commission
OF SOUTH AUSTRALIA



## अष्ट्रलियामा कानुन

- हरेक व्यक्तिले कानुनको पालना गर्नु अनिवार्य छ ।
- यदि तपाईले कानुनको उल्लंघन गर्नुभएमा, तपाईले पैसा तिर्नु अथवा अदालत जानु पर्ने पनि हुनसक्दछ ।
- कानुनको बारेमा निःशुल्क जानकारीहरु सबैलाई उपलब्ध छन् ।
- तपाईले **Legal Services Commission** बाट निःशुल्क कानुनी सहयोग प्राप्त गर्न सक्नुहुने छ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

Legal Services Commission
OF SOUTH AUSTRALIA



## सवारी साधन

- दक्षिण अष्ट्रलियामा सवारी साधन चलाउनको लागि तपाईको बैध सवारीचालक अनुमती पत्र (Licence) हुनुपर्दछ । यदि तपाई दक्षिण अष्ट्रलियामा नयाँ हुनुहुन्छ भने Service SA संग तपाईको सवारीचालक अनुमती पत्र बैध भएनभएको सोध्नुहोला ।

- तपाईले दर्ता नभएका कारहरु चलाउँन पउँनुहुन्न, साथै सडकमा पार्क गरेर छाड्न समेत पाइदैन ।

- बालबालिका लगायत सबैजनाले सिट बेल्ट लगाउनु अनिवार्य छ । बालबालिकाहरुका लागि विषेश प्रकारको सिट र सिटबेल्टको आवस्यकता पर्दछ । तपाईको बालबालिकाको उमेर अनुसार फरक फरक प्रकारका सिट वेल्टहरु लगाउनु पर्नेछ । थप जानकारीको लागि Kidsafe SA मा सम्पर्क गर्नुहोला ।

- तपाईले सम्पूर्ण सवारी चालन नियम र कानुनहरुको अध्ययन र पालना समेत गर्नु अनिवार्य छ । यी नियमहरुको उलंघन गर्नु भएमा जरिवाना लाग्ने, कैद हुने र सवारी चालक अनुमती पत्र गुमाउँनु पर्ने समेत हुनसक्छ ।

**थप जानकारीका लागि**

### ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))
१३१ ४५०

### कानुनी सेवा आयोग (Legal Services Commission)
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

### सर्भिस एस ए (Service SA)
१३ १० ८४

### Kidsafe SA
८१६१ ६३१८
www.kidsafesa.com.au/road-safety



# प्रयोग गरिएका कारहरुको किनबेच

### कार यार्डबाट गाडि खरीद गर्दा:

- मिस्त्री वा **RAA** बाट कार जाँच गराउनुहोला ।
- कार बिक्रेताले कार चोरिएको वा बित्त अन्तर्गत (बाकी) नभएको पक्का गर्नुपर्दछ ।

### कार धनीबाट निजी खरिद गर्दा:

- मिस्त्री वा **RAA** बाट कार जाँच गराउनुहोला ।
- यदि कार बित्त अन्तर्गत (बाकी तिरी नसकेको) छ भने कहिलेकाहीं बैंकले त्यो कार फिर्ता लैजान सक्दछ । तपाईले कार किनेर आफ्नो नाममा दर्ता गरेपछि पनि यो स्थिति आउँन सक्छ । यदि यो कार अझै बित्त अन्तर्गत छ छैन भन्ने जाँच गर्न निजी सम्पत्ति सुरक्षा दर्ता **Personal Property Securities Register** (**PPSR**) लाई १३०० ००७ ७७७ मा फोन गनुहोला । तपाईलाई यसको लागि सवारी पहिचान नम्बर (**VIN**) को आवश्यकता हुनेछ जुन तपाईको दर्ता कागज र ईन्जिनमा लेखिएको हुनसक्छ । **PPSR** खोजको शुल्क ४ डलर पर्नेछ र यो रकम तपाईले आफ्नै नामको क्रेडिट कार्डबाट मात्र तिर्न सक्नुहुने छ ।
- कार चोरीको नभएको निश्चय गर्नुहोला । PPSR द्वारा तपाईले यो जाँच गर्न सक्नुहुने छ ।

### थप जानकारीका लागि

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**निजी सम्पत्ति सुरक्षा दता{ (Personal Property Securities Register)**
१३०० ००७ ७७७
www.ppsr.gov.au

**RAA**
१३१ १११

Legal Services Commission
OF SOUTH AUSTRALIA



## कार दुर्घटना

- यदि कार दुर्घटनामा परेको छ भने हरेक चालकले गाडि रोक्ने र यदि कोही घाइते भएकोछ भने मद्दत गर्ने गनुपर्दछ ।
- सवारी चालकले उनीहरुको विवरणहरु जस्तो नाम, ठेगानाको आदान प्रदान गर्नु अनिवार्य छ ।
- यदि कोही घाइते भएका छन् वा दुर्घटनामा परेका सबै कारहरुको मर्मतको कूल लागत ३००० डलर भन्दा अधिक छ भने प्रहरीलाई सो घटनाको रिपोर्ट गर्नुपर्दछ ।
- तेश्रो पार्टी अनिवार्य बीमा (Third party compulsory insurance) तपाईले कार दर्ता गर्दा तिरेको रकममा समावेश हुनेछ । यसले कार दुर्घटनामा घाइते भएका व्यक्तिलाई क्षतिपूर्ति दिलाउँछ तर कार मर्मत गर्नको लागि भने पैसा तिर्दैन ।
- तपाईले कार मर्मत गर्नका लागि अरु प्रकारका बीमाहरु प्राप्त गर्न सक्नुहुनेछ:
    - "तेश्रो पार्टी अनिवार्य बीमा" ले यदि तपाईको गल्तीको कारण दुर्घटना भएको छ भनें अर्को पक्षको कारमा भएको क्षतीको पूर्ति गरिदिनेछ ।
    - "पूर्ण बीमा" ले तपाई र अर्को गरी दुवै पक्षको कारको क्षतिपूर्ती तिरिदिनेछ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**प्रहरी**
यदि आकस्मिक परेमा ००० मा वा सामान्य स्थितिमा प्रहरीको उपस्थितीको लागि १३१ ४४४ मा फोन गर्नुहोला ।





## सामान र सेवाहरुको खरिद

- तपाईले किनेको सामान बिग्रेको छ, चलाउँन असुरक्षित छ, काम नगर्ने वा जुन स्थितिमा हुनुपर्ने हो त्यस्तो स्थितिमा छैनभने त्यो सामान बनाइमाग्ने, साटेर नयाँ सामान लिने वा पैसा फिर्ता लिन पाउँने तपाईको अधिकार छ । वारेन्टी समाप्त भएपछि पनि यो स्थिति लागुहुन सक्छ ।

- सामान किनेको रसिद सधैं साख्नुहोला ।

- तपाईले कुनै पनि करार (contract) मा हस्ताक्षर गर्न अघि यसको अर्थ के हो बुझ्ने मद्दतको लिन कसैलाई सोध्नुहोला । लामो समयको करारको लागि यो अत्यन्तै महत्वपूर्ण हुनेछ, जस्तो मोबाइल फोनको करार ।

- तपाईको घरमा "ढोकामा नढक्ढकाउँनु होला" भन्ने स्टिकर टाँसेर तपाईको घरमा सरसामान बिक्री गर्न आउँने मान्छेहरुलाई रोक्न सक्नुहुन्छ ।

**थप जानकारीको लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**उपभोक्ता क्रेडिट व्यवस्था केन्द्र SA (Consumer Credit Law Centre SA)**
८३४२ १८००
१३०० ८८६ २२० (ग्रामिण फोनकर्ताहरु)

Legal Services Commission
OF SOUTH AUSTRALIA



# प्रहरी

- प्रहरीले समुदायमा सुरक्षाको व्यवस्था गर्नुका साथै व्यक्तिहरुले गर्ने कानुनी पालनाको सुनिस्चितता गर्दछ ।
- अपराध छानबिनको सिलसिलामा प्रहरीले कसैलाई पनि प्रश्न सोध्न सक्दछ ।
- तपाईलाई प्रहरीले सोधेको खण्डमा आफ्नो नाम, ठेगाना र जन्म मिति बाहेक सोधिएका अरु प्रश्नहरुको जवाफ दिनै पर्छ भन्ने आवश्यकता छैन ।
- सवारी साधन चलाईरहेको बेला यदि उनीहरुले मागेको खण्डमा तपाईले प्रहरीलाई आफ्नो लाइसिन्स् देखाउनु अनिवार्य छ ।
- तपाईलाई प्रहरीबाट सोधिएका अन्य पश्नहरुको जवाफ दिनु अघि कानुनी सल्लाह लिन पाउँने तपाईको अधिकार छ ।
- यदि अंग्रेजी तपाईले बोल्न चाहेको भाषा होइन भनें तपाईले प्रहरीलाई कुरा गर्न दाभाषेको माग गर्न सक्नुहुने छ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**प्रहरी**
यदि आकस्मिक परेमा ००० मा वा सामान्य स्थितिमा प्रहरीको उपस्थितीको लागि १३१ ४४४ मा फोन गर्नुहोला ।

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au



# पारिवारिक हिंसा

- अष्ट्रलियामा परिवार भित्र हुने हिंसात्मक झैझगडाबाट मानिसहरुलाई सुरक्षा प्रदान गर्ने कानुन छ ।
- पारिवारिक झैझगडाहरु विभिन्न रुपमा देखिन सक्छन् । जस्तो शारीरिक वा मानरिक हिंसा, यौन दुराचार, भावनात्मक चोट र आर्थिक दुरुपयोग आदि ।
- कसैले पनि पारिवारिक हिंसाको डर सहेर बस्नु पर्दैन । यो प्रहरी र अदालतका लागि एक गम्भीर अपराध हो ।
- प्रहरी र अदालतले भविष्यमा हुनसक्ने पारिवारिक हिंसा र झैझगडा रोक्न परिवारका एक सदस्यलाई हिंसा रोक्ने आदेश दिन सक्छन् । यसलाई “हस्तक्षेप आदेश” (Intervention Order) भनिन्छ ।
- यदि परिवारका ती सदस्यले हिंसा रोकेनन् भने उनलाई कानुनी समस्या पर्नेछ ।
- घरमा बसोबास गर्ने सुरक्षित अवस्था नभएका मानिसहरुलाई मद्दत गर्न निःशुल्क रुपमा विशेष सहयोग सेवाहरु उपलब्ध हुनेछन् । यस अन्तर्गत महिला आश्रय, परामर्श सेवा र कानुनी सल्लाह समावेश छन् ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**प्रहरी**
यदि आकस्मिक परेमा ००० मा वा सामान्य स्थितिमा प्रहरीको उपस्थितीको लागि १३१ ४४४ मा फोन गर्नुहोला ।

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**महिलाहरुको कानुनी सेवा (Women’s Legal Service)**
८२२१ ५५५३

**घरेलु हिंसा गेटवेको मद्दतका लागि फोन (Domestic Violence Gateway Helpline)**
१८०० ८०० ०९८

Legal Services Commission
OF SOUTH AUSTRALIA




# घर भाडामा लिदा

- घरमालिकहरुले घरलाई उचित स्थितिमा राख्ने व्यवस्था गनुपर्दछ ।
- यदि घरमा कुनै खराबीहरु अएमा वा बिग्रे भत्केमा भाडावालले घरधनीलाई खबर गर्नुपर्दछ ।
- भाडावालले बिगारेको बाहेक अन्य अवस्थामा बिग्रेको कुराहरु घरधनीले नै बनाउँनु पर्नेछ ।
- भाडावालले समयमा भाडा तिर्ने र घरलाई सफा सुग्घर राख्नेगर्नु पर्दछ । तपाईले भाडा तिरेको प्रमाणको लागि रसिद माग्नुहोला ।
- भाडामा बस्नेहरुले छरछिमेकलाई असर पर्ने गरी होहल्ला गर्न पाउँने छैनन् ।
- तपाईले अदालत वा ट्राईव्युनलको आदेश बिना घरबाट निस्कासित हुनुपर्ने छैन ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**बहालवालाहरुको सूचना र वकालत सेवा Tenants Information & Advocacy Service (TIAS)**
८३०५ ९४५९ ८३०५ ९४५९

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

Legal Services Commission
OF SOUTH AUSTRALIA



## बिवाह

- अष्ट्रलियामा एक महिला र पुरुषको बिचमा विवाह हुन्छ जस्मा विवाहको लागि दुवैको उमेर १८ वर्ष वा सो भन्दा माथिको हुनुपर्नेछ ।

- विशेष परिस्थितिमा अदालतले अनुमति दिएको खण्डमा महिला वा पुरुषले १६ वा १७ वर्षको उमेरमा पनि विवाह गर्न सक्नेछन् । तर अदालतले यो अनुमति दुर्लभै रुपमा मात्र दिनेगर्दछ ।

- कानुनले १८ वर्ष मुनिका कसैलाई पनि विवाह गर्ने उद्देश्यको लागि विदेश लैजान अनुमति दिदैन ।

- विवाहित हुँदैमा पति वा पत्नी कसैलाई पनि दुवैको स्वेच्छाबिना सहवास गर्न अधिकार छैन । पतिपत्नी बीचमै पनि सहमति बिना भएको सहवासलाई बलात्कार मानिन्छ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

Legal Services Commission
OF SOUTH AUSTRALIA



# सम्बन्ध बिच्छेद र पारपाचुके

- बिवाहित रहन नचाहाने जो कोहीले पनि सम्बन्ध बिच्छेद गर्न पाउँनेछन् । पतिले पत्नीलाई र पत्नीले पतिलाई पारपाचुके गर्न सक्नेछन् । यसमा दोष कसको थियो भन्ने कुरा ठुलो मानिदैन ।

- छोडपत्र गर्नु कानुनी रुपमा वैवाहिक सम्बन्धको आधिकारिक अन्त्य गर्नु हो । तपाईले छोडपत्रको लागि अदालतमा निवेदन पेश गर्नुपर्ने हुन्छ ।

- दम्पतीको रुपमा बसोबास गर्न छाडेको १२ महिना पछिमात्र तपाईलाई सम्बन्ध विच्छेदको लागि निवेदन गर्न अनुमति मिल्नेछ ।

- एउटै घरमा बसेर पनि सम्वन्ध बिच्छेद गर्न सकिन्छ जबकि विवाहपछि गरिने कृयाकलापहरु जस्तो संगै सुत्ने, संगै खाना खाने, बैंक खाता साझेदारी गर्ने र बच्चाहरुसंग संगै बाहिर जाने आदि जस्ता कामहरु गरिएको हुनुभएन ।

- यदि तपाई अलग हुने बिचार गर्दैहुनुहुन्छ वा अलग्गिसक्नु भएको छ भनें, तपाईले कानुनी सल्लाह लिनु उचित हुनेछ । वकिलले तपाईका आफ्ना कानुनी अधिकार र जिम्मेवारीहरुलाई बुझाइदिन मद्दत गर्नेछन् र तपाईको स्थितिमा कुन कानुनको प्रयोग हुन्छ सोको ब्याख्या समेत गरिदिनेछन् ।

- वकिलले तपाईहरुको सम्बन्ध बिच्छेद पछि सम्पत्तिको बाँडफाँड र बच्चाहरुको रेखदेख सम्बन्धी विषयहरुमा अदालत नगई पनि तपाईहरु बीचमा सहमति निर्माण गर्न मद्दत गर्नेछन् ।

- सम्बन्ध बिच्छेदले तपाईको आफ्नो अध्यागमन स्थितिमा असर गर्न सक्छ । त्यसैले तपाईले यस बारेमा कानुनी सल्लाह लिनु उपयुक्त हुनेछ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**परिवार कानुन अदालत (Family Law Courts)**
१३०० ३५२ ०००

Legal Services Commission
OF SOUTH AUSTRALIA



## बालबालिका र सम्बन्ध बिच्छेद

- आमा र बुबा दुवै बालबालिकाहरुको लागि जिम्मेवार हुन्छन् । आमा बुबाको सम्बन्ध बिच्छेद भए पनि यसमा कुनै असर पर्नेछैन ।
- सुरक्षित भएसम्म बालबालिकाले दुवै आमाबुबालाई भेट्ने अधिकार पाउँछन् ।
- प्रायजसो सम्बन्ध बिच्छेद भएका आमाबुबाहरुले बालबालिकाहरुको हेरचाह मिलिजुली गर्ने उपायहरु पत्ता लगाउँछन् ।
- केही सम्बन्ध बिच्छेद भएका आमाबुबाहरुबिच बालबालिकाहरुको हेरबिचार गर्ने कुरामा मञ्जुर नहुन सक्दछ । पारिवारिक वकिलले सहमतिमा ल्यउने र त्यसको बारेमा कानुनी सल्लाह दिने काममा सहयोग गर्न सक्छन् ।
- गम्भिर अवस्थाहरुमा पारिवारिक अदालतले बच्चाहरु के गर्ने भन्ने विषयमा निर्णय गरिदिनेछ ।
- निस्पक्ष रुपमा काम गर्ने एक पारिवारिक संफौताकर्ताले पनि अदालत नगैकन बालबालिकाहरुको हेरबिचार गर्ने सम्बन्धमा बाबाआमालाई सरसल्लाह दिई सहयोगगर्न सक्छन् ।
- आमा वा बुबा मध्ये कोही एकलाई बच्चाहरुको पालनपोषणको सहयोगको लागि लाग्ने खर्चको सहयोग स्वरुप (child support) बच्चाको हेरबिचार गर्दैरहेका अविभावकलाई पैसा तिरेर सहयोग गर्नलगाइन्छ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

Legal Services Commission
OF SOUTH AUSTRALIA



## बालबालिकाहरुको हेरचाह

- आमाबुबाले बालबालिकाको संरक्षण गनुपर्दछ र उनीहरुलाई असर पर्नबाट बचाउँनु पर्दछ ।
- आमाबुबाको बालबालिकालाई कस्तो व्यवहार गर्नुपर्दछ भनेर सिकाउँने अधिकार हुन्छ । सिकाउँने भन्दैमा उनीहरुले बालबालिकालाई चोट पुर्‍याउनु भने हुदैन ।
- Families SA ले बालबालिकाको संरक्षण नगर्ने र वास्ता नगर्ने आमाबुबाबाट उनीहरुलाई बचाउँदछ ।
- बालबालिकाहरुलाई हेरचाह गर्ने अविभावकहरुलाई सुझाव, सल्लाह तथा परामर्श दिई नि:शुल्क सेवा प्रदान गर्ने संस्थाहरु उपलब्ध छन् ।
- यदि बालबालिकाहरुसंग काम गर्ने व्यवसायीहरुले यदि नानीहरुलाई हानी पुग्ने किसिमको व्यवहार भएको संकेत पाएमा Families SA लाई सोको रिपोर्ट गनुपर्दछ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**अभिभावक मद्दत लाईन (Parent Helpline)**
१३०० ३६४ १००

**प्रहरी**
यदि आकस्मिक परेमा ००० मा वा सामान्य स्थितिमा प्रहरीको उपस्थितीको लागि १३१ ४४४ मा फोन गर्नुहोला ।

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**परिवार एस ए (Families SA)**
बाल दुर्व्यवहार रिपोर्ट लाईन (Child Abuse Report Line) १३१ ४७८
आपत्कालीन सहयोग Crisis Care (after hours) १३१ १६ ११

Legal Services Commission
OF SOUTH AUSTRALIA



# सरकारी निर्णयहरु

- सरकारी अधिकारीहरुले नियमानुसार निर्णय गनुपर्दछ ।
- तपाईको कानुनी सुझाव सल्लाह लिने अधिकार हुन्छ र सरकारी निर्णयका कारण तपाईमा पर्ने असरहरुको बारेमा प्रश्न सोध्न पनि सक्नुहुनेछ ।
- कहिलेकाँही तपाईले ती गरिएका निर्णयहरुलाई परिवर्तन गर्नका लागि समेत अनुरोध गर्न सक्नुहुनेछ ।
- यदि तपाईलाई सरकारी निर्णयहरु गलत भएको संका लागेमा तपाईले **Ombudsman SA** वा **Commonwealth Ombudsman** मा उजुरी हाल्न सक्नुहुनेछ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**कमनवेल्थ अम्बड्स्मेन (Commonwealth Ombudsman)**
१३०० ३६२ ०७२

**अम्बड्स्मेन एस ए (Ombudsman SA)**
८२२६ ८६९९
१८ १८२ १५० (ग्रामिण फोनकर्ताहरु)

**वेलफेयर राईट सेन्टर (एस ए) Welfare Rights Centre (SA)**
८२२३ १३३८
१८०० २४६ २८७ (ग्रामिण फोनकर्ताहरु)

Legal Services Commission
OF SOUTH AUSTRALIA



## काम

- तपाईको जागिर सम्बन्धी अधिकारलाई संरक्षण गर्ने धेरै कानुनहरु छन्, जसमा यी पर्दछन्
  - तपाईले पाउनु पर्ने पैसा वा तलब
  - काममा दुर्घटना भएमा क्षतिपूर्तीको व्यवस्था
  - काममा निश्पक्षता
  - कार्यस्थलको सुरक्षा व्यवस्था
  - तपाईको तलबको रेकर्ड, कर र संचयकोश

- यदि तपाई युनियनको सदस्य हुनुहुन्छ भनें तपाईले उनीहरुबाट सुझाब, सल्लाह र सहयोग लिई आफ्ना रोजगार सम्बन्धी अधिकारहरुलाई संरक्षण गर्न सक्नुहुने छ ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**फेयर वर्क अम्बड्स्मेन (तलब र कामका अधिकारहरु) Fair Work Ombudsman (pay and work rights)**
१३१ ३९४
www.fairwork.gov.au/languages

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**एस ए कामदार महिलाहरुको सेन्टर (Working Women’s Centre SA)**
१८०० ६५२ ६९७



## जरिवानाहरु

- जरिवाना भनेको तपाईले कानुन भंग गरेको सजाय स्वरुप तिराइएको पैसा हो ।
- तपाईले तोकिएको समय भित्र जरिवानाको पूरा रकम तिर्न सक्नुहुन्न भने, जरिवाना लगाउँने र उठाँउने यूनिट **(Fines Enforcement and Recovery Unit)** संग कुरा गर्नुहोला ।
- जरिवाना लगाउँने र उठाँउने यूनिट **(Fines Enforcement and Recovery Unit)** ले तपाईको क्षमता अनुसार जरिवाना तिर्ने व्यवस्था गरिदिन्छ ।
- यदि तपाईले जरिवाना लगाउँने र उठाउँने यूनिट **(Fines Enforcement and Recovery Unit)** संग कुरागरी जरिवाना तिर्ने व्यवस्था मिलाउँनुभएन भनें यस विभागले तपाईलाई जबर्जस्ती जरिवाना तिर्नलगाउँने समेत गर्नेछ ।
- जरिवानालाई बेवास्ता नगर्नुहोला – यदि तिर्न सक्नुहुन्न भने मद्दतको लागि अनुरोध गर्नुहोला ।

**थप जानकारीका लागि**

**ट्रान्स्लेटिङ्ग एण्ड इण्टरप्रेटिङ्ग सर्भिस् (Translating and Interpreting Service (TIS))**
१३१ ४५०

**कानुनी सेवा आयोग (Legal Services Commission)**
१३०० ३६६ ४२४
www.lsc.sa.gov.au

**जरिवाना लगाउँने र उठाउँने यूनिट (Fines Enforcement and Recovery Unit)**
१८०० ६५९ ५३८

टिप्पणी